नेपाल सरकार
राष्ट्रिय किसान आयोग
कीर्तिपुर, काठमाडौं

फोन नं : ०१-५९०६१८२,
५९०६१७६,५९०६१७८, ५९०६१७९,
५९०६१८६, ५९०६१८०
ईमेल : nfcnepal2017@gmail.com
वेब साइट: www.nfc.gov.np

प.सं.: २०७६/०७७
च.नं.:

मिति: २०७७/३/१४

## सूचना सूचना सूचना

सत्रौं धान दिवस तथा रोपाई महोत्सव २०७७ मूल समारोह समितिको मिति २०७७।०३।०३ को निर्णयानुसार यस बर्षको धान दिवस **"धान उत्पादनमा वृद्धि, आत्मनिर्भरता र समृद्धि"** भन्ने नाराको साथ मनाउने निर्णय भएकोले उक्त समितिबाट तयार गरिएको रोपाई तथा महोत्सव संचालन प्रोटोकल अनुसार धान दिवस मनाउन हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै उक्त प्रोटोकल यसै साथ संलग्न छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर

## सत्रौं राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सव,२०७७ संचालन प्रोटोकल

कोभिड १९ रोग विश्वव्यापी महामारीको रुपमा फैलिएको तथा नेपालमा पनि यस महामारीको प्रकोप बढ्दै गएको छ । कोभिड १९ रोगको जोखिम अवस्थामा समेत कृषि कर्मलाई नियमित नगरे निकट भविष्यमा खाद्य तथा पोषण असुरक्षाको अवस्था आउनसक्ने सम्भावना भएकोले कृषि सम्बन्धी गतिविधीहरु आवश्यक सतर्कता अपनाई नियमित गर्नै आवश्यक रहेको छ। यस परिप्रेक्ष्यमा मिति २०७७ असार १५ गते "धान उत्पादनमा वृद्धि - आत्मनिर्भरता र समृद्धि" नाराका साथ १७ औं राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सव मनाउने सन्दर्भमा कोभिड १९ रोगको संक्रमणबाट बचन अपनाउनु पर्ने सावधानीका उपायसहित देहाय बमोजिमको Protocol तयार गरिएको छ ।

- नेपाल सरकारको निर्णय बमोजिम बढीमा २५ जनासम्म मात्र भेला भएर १७ औं राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सव मनाउने । यदि २५ जना भन्दा बढी भएमा न्यूनतम सामाजिक दुरी (६ फिट) कायम हुने गरी स-साना उपसमूहमा रहेर रोपाई महोत्सव मनाउने ।
- कार्यक्रम स्थलमा उपयोग हुने फर्निचर तथा अन्य सामग्री निसंक्रमण गर्ने तथा सो को व्यवस्थापन गर्दा कम्तिमा ६ फिटको दूरी कायम राख्ने ।
- प्रदेश तथा स्थानीय स्तरमा १७ औं राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सव मनाउदा यथासक्य संयुक्त आयोजनामा सरकारी फार्म केन्द्रमा मनाउने ।
- रोपाई महोत्सव प्रवेश स्थलमा संभव भएसम्म Prescreen Test – तापक्रम तथा लक्षण पहिचानको व्यवस्था गर्ने। परीक्षण गर्दा शंका लागेमा (१००.४ भन्दा बढी ज्वरो) प्रवेशमा रोक लगाउने ।
- रोपाई महोत्सव प्रवेश स्थलमा साबुन पानीले हात धुने व्यवस्था, गुणस्तरीय स्यानिटाइजर र मास्क अनिवार्य प्रयोग गर्ने व्यवस्था मिलाउने।
- रोपाई गर्दा खेतमा व्यक्तिहरुबीच पर्याप्त सामाजिक दुरी (कम्तिमा ६ फिट) कायम गर्न स-साना क्षेत्र निर्धारण गरी रोपाई गर्ने ।
- रोपाई महोत्सव गर्दा अन्य सांस्कृतिक, परम्परागत तथा मनोरन्जनात्मक (हिलो छ्याप्ने आदि) गतिविधि नगर्ने ।
- रोपाई गर्दा, खाजा वा चिया खाने बेला, आवत जावत गर्दा कम्तिमा ६ फिटको दुरी कायम राख्ने, व्यक्तिगत सुरक्षार्थ मास्क लगाउने ।
- रोपाई महोत्सवमा खाजा व्यवस्थापनमा सुरक्षात्मक उपायहरुको अवलम्बन गर्ने । सभव भएसम्म सामूहिक खाजालाई निरुत्साहित गर्ने ।
- रोपाई महोत्सवमा संभव भएसम्म कम श्रम लाग्ने प्रविधि तथा मेशिनहरुको प्रयोग गर्ने, सकेसम्म थोरै मानिसहरु संलग्न हुने। कृषि मेसिनरीहरुको प्रयोग अगाडि र पछि साबुन पानीले हात धुने तथा निसंक्रमणमा पर्याप्त ध्यान दिने ।
- रोपाई हुने क्षेत्रमा रोपाई पश्चात साबुन पानीले हात धुने व्यवस्था एवं गुणस्तरीय स्यानिटाइजरको व्यवस्था मिलाउने।